कोहलपुर नगरपालिका नगर कार्यपालिकाको चालू आ.व. २०७५/०७६ का लागि स्वीकृत आर्थिक विकास तर्फ साना किसान उद्यमी सुदृढिकरण कार्यक्रम कार्यान्वयन गर्न सेवा प्रदायक संस्था छनौटको लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त (TOR)

**१. कार्यक्रमको पृष्ठभूमी :** यस नगरपालिकाको आ.व.२०७५/०७६ को तेस्रो नगर सभाबाट स्वीकृत साना किसान उद्यमी सुदृढिकरण कार्यक्रम नगरपालिका क्षेत्रमा संचालन गरी यस क्षेत्रमा कृषि तथा पशुपालनको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने तथा सामुदायिक विकास,जिविकोपार्जन,महिला सशक्तिकरण गरी आर्थिक तथा नेतृत्व क्षमताको विकासको कार्य गर्नको लागि ईच्छुक स्थानीय गैर सरकारी संस्था तथा सेवा प्रदायक संस्थाहरुद्धारो छनौट गरी यस कार्यक्रम कार्यान्वयन गर्न सक्ने अनुभवी, योग्य तथा क्षमता भएका गैर सरकारी संस्था वा सेवा प्रदायक संस्थाहरु छनौटको लागी यो कार्यक्षेत्रगत शर्त (TOR) तयार गरिएको छ ।

**सेवा प्रदायक संस्थाको संस्थागत योग्यता तथा ज्ञान सिपको विवरण :**

- प्रस्ताव पेश गर्न आव्हान गरीएको सूचना वमोजिम योग्य भएको ।
- सार्वजनिक कार्य गर्न नपाउने गरी कालो सूचीमा नपरेको ।
- प्रस्तावित कार्य गर्न आवश्यक पर्ने भौतिक सुविधा, जनशक्ति र उपकरण भएको ।
- आर्थिक रुपले सक्षम रहेको ।
- यस भन्दा पहिले यस्तै प्रकृतिका कामहरु गरेको ।
- यस नगरपालिकामा संस्था वा आफ्नो ब्यवसाय दर्ता गरेको ।

**२. कार्यक्षेत्र :** कोहलपुर नगरपालिका वडा नं.०७,०८,१०,१२ र १३ सम्म ।

**३. कार्य अनुभव :**

१ स्वावलम्वन समूह गठन तथा सामाजिक परिचालनको माध्यमबाट सामाजिक पूँजी निर्माण सम्बन्धि काम गरेको ।

२ सामुदायिक विकास, जिविकोपार्जन, महिला सशक्तिकरणको क्षेत्रमा काम गरेको हुनुपर्ने ।

३ कृषि तथा पशुको उत्पादन र उत्पादकत्व क्षेत्रमा काम गरेको ।

४ कृषि उपज तथा पशु वस्तुको वजारीकरणको क्षेत्रमा काम गरेको हुनुपर्ने ।

५ समुदायमा आधारित सहकारी संस्था मार्फत साना किसानहरुलाई आवश्यक कृषि तथा पशु वस्तु उत्पादनको लागि आवश्यक सेवा तथा वजारीकरण प्रवर्द्धनमा काम गरेको ।

६ कृषि तथा पशु वस्तुको मूल्य श्रृङ्खलामा काम गरेको ।

७ कृषि र पशु विकासका लागि आवश्यक दक्ष जनशक्ति भएको ।

८ पशुवस्तुको उत्पादन र उत्पादकत्व वृद्धिका लागि नश्ल सुधार, कृषक पाठशाला, समुदायमा आधारित वंश सुधार सम्बन्धि काम गरेको ।

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके ५ नं. प्रदेश, नेपाल

दशरथ बुढा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

९ कृषि तथा पशु विकास सँग सम्बन्धित स्रोत पुस्तिका, प्रसार सामाग्री, वृतचित्र निर्माण तथा विकासमा काम गरेको ।

१० कृषि र पशु विकास सम्बन्धि संभाव्यता अध्ययन, अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन सम्बन्धि काम गरेको ।

**४.लागत साझेदारी :**

१.कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाले कुल लागतको कम्तिमा २५ प्रतिशत रकम अनिवार्यरुपमा साझेदारी गर्नुपर्ने छ ।

**५.सन्दर्भ शर्तहरु :**

१ गाउपालिकाले र संस्थाले संयुक्तरुपमा कार्यक्षेत्र र घरधुरी छनौट गर्नुपर्ने छ ।

२ प्रस्तावित लाभान्वित २५०० घरधुरीलाई मूल र उपहार स्वालम्वन समूह गठन गरि क्षमता अभिवृद्धि, व्यवस्थित पशुपालन, व्यवसायिक कृषि तथा अन्य आयआर्जनका क्रियाकलापहरु सञ्चालन गर्नु पर्नेछ ।

३ स्वावलम्वन समूह र सामाजिक परिचालनको माध्यमबाट सामाजिक पूँजी निर्माण, सामुदायिक विकास, महिला सशक्तिकरण र जिविकोपार्जनका लागि काम गर्नुपर्ने छ ।

४ बाखा, दुध, तरकारी र लोकल कुखुराको उत्पादन र उत्पादकत्व वृद्धिमा प्राथमिकता दिई काम गर्नु पर्नेछ ।

५ पशु आहार, खोर गोठ सुधार, नश्ल सुधार, पशु स्वास्थ्य, पशु विमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

६ यस कार्यक्रम अन्तर्गत बाखा, लोकल कुखुरा, वोका, विऊको रुपमा प्रदान गरिने छ ।

७ तरकारी खेति, खोर गोठ सुधार कोष, सुधारिएको चुल्हो, सिचाई मोटर, लगायत उपहार कोष प्रदान गर्नु पर्नेछ ।

८ बाखा, लोकल कुखुरा, हाँस तथा गाई भैसिको पालनको लागि आवश्यक प्राविधिक तालिम (पशुको उचित व्यवस्थापन, डाले तथा भुई घाँस, स्वच्छ दुध उत्पादन, थुनेलो रोकथाम) सञ्चालन गर्नु पर्नेछ ।

९ घाँस र तरकारीको नर्सरी स्थापना साथै प्रत्येक घरमा आवश्यकता अनुसार घाँसको विकास गर्नु पर्नेछ ।

१० परियोजना बाट प्रदान गरिने पशु, वस्तु, कोष, ज्ञान र सिप निश्चित अवधि पश्चात वास्तविक आवश्यकता भएको अर्को परिवारलाई उपहार गराउनु पर्नेछ ।

११ स्वावलम्वन समूहहरुको सहभागितामा सहकारी संस्थाको गठन गरी कृषि तथा पशु जन्य उत्पादनका लागि आवश्यक सेवा (उत्पादन सामाग्री, प्राविधिक, विमा, वित्तिय सेवा) र वजारीकरण गर्नका लागि संस्थागत विकास गर्नु पर्नेछ ।

१२ कार्यक्रम प्रभावकारीरुपमा सञ्चालन गर्न आर्थिक तथा अन्य सहयोगको लागि सरोकारवाला सँग समन्वय गर्नु पर्नेछ ।

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके ५ नं. प्रदेश, नेपाल

**६.प्रस्तावको ढाँचा :**

**क) प्राविधिक प्रस्ताव :**

तल उल्लेख गरिएका विषयहरुका बारेमा विवरण पेश गर्नुहोला ।

क. सेवा प्रदायक संस्थाको पृष्ठभूमि :

ख. सेवा प्रदायक संस्थाको उद्देश्य, नीति तथा कार्यअनुभव

ग: कार्यक्रमको लक्ष्य उदेश्यहरु

घ. सञ्चालन गरिने मुख्य मुख्य क्रियाकलापहरु तथा संचालन विधि तथा अपेक्षित उपलब्धीहरु :

ङ. कार्यक्रम कार्यान्वयनको कार्यतालिका :

च. मुल्यांकन अनुगमन तथा सुपरिवेक्षण

छ. कार्यक्रमको दिगोपना

ज. सेवा प्रदायक संस्थाको विद्यमान जनशक्तिको विवरण, योग्यता र अनुभव :

झ.सेवा प्रदायक सस्थाको आफ्नो भौतिक पुर्वाधारको अवस्था :

**ख) वित्तिय प्रस्ताव :**

**वित्तीय प्रस्तावको ढाँचा**

| सि.न. | विवरण | कोहलपुर नगरपालिकाले ब्यहोर्ने लागत रकम ( मू..अ.कर बाहेक ) | | संस्थाले योगदान दिने लागत रकम | |
|---|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| | उप जम्मा | | | | |
| | मुल्य अभिबृद्धि कर १३ प्रतिशत | | | | |
| | कुल जम्मा | | | | |

**७. प्रस्ताव मूल्यांकन गर्ने तरिका :** प्राप्त भएका प्रस्ताहरुको मूल्याङ्कन प्राविधिक तथा आर्थिक प्रस्तावनाको आधारमा गरिनेछ ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

दशरथ बुढा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

८.आवश्यक काँगजातहरु :

१) जिल्ला स्थित सरकारी निकाय,कम्पनी तथा यस नगरपालिकामा व्यवसाय दर्ता र नविकरण भएको (२) क्षेत्रगत कार्यको अनुभव भएको (३) आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको (४) नियमानुसार वार्षिक नविकरण गरेको (५) आ.व.२०७४।०७५ सम्मको लेखा परिक्षण सम्पन्न गरेको प्रतिवेदन (६) आ.व.:-२०७४।०७५ को कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलीपी (कर चुक्ता गर्नु नपर्ने संस्थाले विवरण पेश गरेको प्रतीलीपी (७) नगरपालिकामा बुझाउनु पर्ने सवै प्रकारका कर चुक्ता गरेको (०८) काम गरेको अनुभव पत्र (०९) संस्था कालो सूचीमा नपरेको व्यहोरा अध्यक्ष वा संचालक स्वयंले स्वघोषणा गरि पत्र संलग्न गरेको (१०) प्रकाशित भएको सूचना तथा कार्यक्षेत्रगत शर्त **ToR** मा उल्लेख भएका विषयको अधिनमा रही साझेदारीमा (Joint Venture) मा कामगर्न चाहेमा बढिमा २ वटा सेवा प्रदायक संस्थाहरु मिलेर प्रस्ताव पेश गर्न सक्नेछन तर कुन सेवा प्रदायक संस्थाले नेतृत्व गर्ने हो सो व्यहोरा साझेदार गर्ने सेवा प्रदायक संस्थाले स्पष्ट रुपमा आफनो संस्थाको लेटरप्याडमा खुलाई अध्यक्ष वा प्रमुखले दस्तखत गरी छाप समेत लगाई प्रस्ताव साथ संलग्न गरेको हुनुपर्नेछ (११) यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन तथा आर्थिक प्रशासन नियमावली बमोजिम हुनेछ (१२) प्राविधिक तथा आर्थिक प्रस्ताव अलग-अलग खामवन्दी गरी एकैसाथ खामवन्दी गरी पेश गर्नुपर्नेछ । (१३) प्रस्तावदाताहरुले नगरपालिका कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ सो दिन सार्वजनिक विदा परेमा कार्यालय खुल्ला रहने दिनमा प्रस्ताव पेश गर्न पाईने छ । (१४) सवै आवेदकहरुलाई छनौट प्रकृयाको नतिजाको सार्वजनिक सूचना मार्फत जानकारी गराइनेछ (१५) दर्ता भएका सवै प्रस्ताव २०७६ जेठ ०१ गते कार्यालय समय भित्रमा प्रस्तावकको रोहवरमा खोलिनेछ र प्रस्तावदाता उपस्थित नभएमा पनि खोल्न बाधा पर्ने छैन, (१६) छनौटमा परेका संस्थाहरुसंग कार्यक्रम संचालन सम्बन्धि सम्झौता गर्दा स्रोतको अवस्थालाई मध्यनजर गरी गर्न सकिने अधिकार कोहलपुर नगरपालिका संग सुरक्षित रहनेछ । (१७) प्रकाशित सूचना यस कार्यालयको सूचना पाटीमा पनि हेर्न सकिनेछ । **थप जानकारीका लागि** कोहलपुर नगरपालिका कार्यालयको वेवसाईट : www.kohalpurmun.gov.np हेर्न तथा नगर कार्यपालिकाको कार्यालबाट समेत बुझ्न सकिने छ ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

(दशरथ बुढा)
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)